# नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## सिंहदरबार, काठमाडौं
(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

**पत्र संख्या** : २०८२/०८३

**चलानी नं** : ४५१

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०८२/०५/३१

विषयः रमाना सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/निकाय (सबै)

प्रस्तुत विषयमा स्थानीय तहमा स्वीकृत दरवन्दी बमोजिम प्रमुख प्रशासकीय अधिकृत खटाई स्थानीय तहको कार्य सम्पादन तथा सेवा प्रवाहमा प्रभावकारीता ल्याउन र वित्तीय सुशासन कायम गराउन सहज पुगोस् भन्ने उद्देश्यका साथ मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा ४ बमोजिम विभिन्न मन्त्रालय/आयोग/सचिवालय/निकायमा कार्यरत उपसचिव तथा शाखा अधिकृतलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाइएको व्यहोरा अवगत नै छ।

यसरी कामकाज गर्न खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरु मध्ये केही कर्मचारीहरु हालसम्म पनि खटाइएको स्थानीय तहमा हाजिर हुन नगएको कारण स्थानीय तहको नियमित काम कारवाहीमा असर परेको भनी विभिन्न स्थानीय तहबाट गुनासो प्राप्त हुन आएकोले तहाँ मन्त्रालय/आयोग/सचिवालय/निकाय अन्तर्गत कार्यरत रही यस मन्त्रालयको निर्णयबाट प्रमुख प्रशासकीय अधिकृतको पदमा कामकाज गर्न खटाइएका कर्मचारीहरुलाई निजामती सेवा ऐन तथा नियमावलीमा उल्लेख भएका प्रावधान बमोजिम यथाशिघ्र रमाना दिई पठाउनु हुन मन्त्रालयको मिति २०८२/०५/३१ गतेको निर्णय(सचिवस्तर) अनुसार अनुरोध छ ।

२०८२/५/३१

..................

(सुदिप सापकोटा)

शाखा अधिकृत

व्यावसायिक र सिर्जनशील प्रशासनः विकास,समृद्धि र सुशासन